म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक २८ बुधबार, ११ भदौ २०८२ ने. सं. ११४५ गुँल्लागा 27 August 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हरितालिका तीजको अवसरमा हेटौंडामा निःशुल्क स्वास्थ्य शिविर

हेटौंडा, १० भदौ/हरितालिका तीजको अवसर पारेर लायन्स क्लब अफ मकवानपुर हेल्प डेक्स र लायन्स क्लब अफ मकवानपुर हेल्थ पायोनियर्सको संयुक्त आयोजनामा हेटौंडा-४ स्थित पशुपति मन्दिर परिसरमा १ दिने निःशुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । शिविरको अध्यक्षता क्लब अध्यक्ष लायन निप्पु सरार्फ र अध्यक्ष लायन तपेश्वर यादवले संयुक्तरुपमा गरेका थिए । लायन ताशीडोल्मा तुम्हाङ्फे, लायन शम्भु नकर्मी, मध्यपृतना मुख्यालयका पृतनापति उपरथी हरेन्द्र पाठक, लायन जेपी यादव, लायन कविता श्रेष्ठ, रिजन चियरपर्सन लायन निलम देवकोटा, जोन चियरपर्सन लायन राज सापकोटा, वरिष्ठ लायन नेताहरु, विभिन्न क्लबका अध्यक्ष तथा पदाधिकारी, हर्ट फाउन्डेशनका अध्यक्ष विजय वैध, हेटौंडा अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मी, मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका स्वास्थ्यकर्मीलगायतको उपस्थिति रहेको थियो । शिविरमार्फत १५० जनाभन्दा बढीले स्वास्थ्यसेवा प्राप्त गरेका छन् ।

# पर्वको गौरव र मर्यादालाई कायम राख्दै मनाउन आग्रह

साझाकुरा संवाददाता



हेटौंडा, १० भदौ/ बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले विशेषगरी हिन्दु महिलाले मनाउने पर्व हरितालिका तिजको अवसरमा शुभकामना व्यक्त गरेका छन् ।

सनातन वैदिक संस्कृतिमा नारीशक्तिको सम्मान र प्रकृतिको संरक्षणका लागि विशेष महत्व राख्ने यो पर्वले एकताबद्ध भई अगाडि बढ्न प्रेरणा दिने उल्लेख गर्दै प्रदेशप्रमुख देवकोटाले शुभकामना सन्देश जारी गरेका हुन् । पछिल्लो समय देखापरेका भड्कीलो देखासिकीबाट पर रहेर पर्वको गौरव र मर्यादालाई कायम राख्दै तिजपर्व मनाउन प्रदेशप्रमुख देवकोटाले सबैमा अनुरोध गरेका छन् । मुलुकको समृद्धि, राष्ट्रिय एकता र सामाजिक सद्भाव कायम राख्नका लागि यस्ता चाडपर्वको ठूलो भूमिका हुने बताउँदै पर्वले समाजमा रहेका विकृति र विसंगतिलाई हटाएर समानता र न्यायमा आधारित समाज निर्माण गर्न सबैलाई प्रोत्साहन गरोस् भन्ने कामना गरे ।

'तिजले पारिवारिक तथा सामाजिक सद्भावलाई अझ प्रगाढ बनाउनुका साथै मौलिक संस्कृति र परम्परालाई जीवन्त राख्न मद्दत पुऱ्याउँछ' सन्देशमा भनिएका छ । यसपर्वमा चेलीहरुले जन्मघर गएर आफ्ना दुःखसुख साट्ने, नाचगान गर्ने र मीठो परिकार खाने प्रचलन छ । जसले दिदीबहिनीहरुमा आपसी प्रेम र आत्मीयता बढाउनेमा प्रदेशप्रमुख देवकोटाले विश्वास व्यक्त गरेका छन् । पौराणिक कथाअनुसार, माता पार्वतीले महादेवलाई पतिको रुपमा पाउनका लागि कठोर तपस्या तथा निराहार व्रत बसेर त्याग गरेको कथासँग तिजपर्वको इतिहास जोडिएको छ ।

हिमालय पर्वतमा घोर तपस्या गरेको र उहाँको यही त्याग र समर्पणबाट खुसी भएर महादेवले उहाँलाई पत्नीका रुपमा स्वीकार गर्नुभएको धार्मिक विश्वास छ । पौराणिक कथाअनुसार माता पार्वतीको यही कठोर तपस्याको सम्मानस्वरुप हरितालिका तिज मनाउने गरिन्छ ।

यो पर्वले भगवान शिव र पार्वतीको अटुट प्रेम र समर्पणको गाथालाई स्मरण गराउँदै नारी जीवनमा पतिको दीर्घायु, सुस्वास्थ्य र प्रगतिको कामना गर्ने महत्वपूर्ण पर्वकारुपमा स्थापित छ । त्यसैगरी बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँले पनि हरितालिका तीज २०८२ को अवसरमा मंगलबार नेपाली महिलालाई शुभकामना व्यक्त गरेका छन् ।

तीज नेपाली महिलाहरुको महान् पर्व भएको उल्लेख गर्दै मुख्यमन्त्री बानियाँले यसपर्वले महिलामा सामाजिक, पारिवारिक, धार्मिक तथा सांस्कृतिक एकता र सद्भाव बढाउन सहयोग गर्ने विश्वास व्यक्त गरेका छन् । उनले तीजपर्वले समाजमा विद्यमान लैङ्गिक, जातीय, वर्गीय विभेद र सबै किसिमका असमानता अन्त्य गरी सामाजिक समावेशीकरण, समानता र न्यायपूर्ण समाज निर्माणमा टेवा पुऱ्याउने अवसर प्रदान गर्ने बताए । मुख्यमन्त्री बानियाँले तीजलाई सांस्कृतिक मूल्य तथा मान्यतासहितको पर्वका रुपमा लिँदै यसले नेपाली महिलाको सामाजिक, पारिवारिक र वैवाहिक सम्बन्ध सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका छन् ।

शुभकामना सन्देशमार्फत उनले देशविदेशमा रहेका सम्पूर्ण नेपाली महिलालाई स्वास्थ्य, समृद्धि, सुख, शान्ति र प्रगतिका लागि शुभकामना व्यक्त गरेका छन् । त्यसैगरीस्वास्थ्य मन्त्री किरण थापा मगरले हरितालिका तीजको पावन अवसरमा देशविदेशमा रहेका सम्पूर्ण आमा तथा दिदीबहिनीप्रति हार्दिक शुभकामना व्यक्त गरेका छन् । मन्त्री थापाले मंगलबार शुभकामना सन्देश जारी गर्दै तीज केवल पर्व मात्र नभई महिलाको हक, अधिकार, आत्मसम्मान र सामाजिक पहिचानलाई अझ सशक्त बनाउन सक्ने महत्वपूर्ण अवसर भएको बताए ।

'नेपाली समाजमा तीजले ल्याउने सामाजिक, सांस्कृतिक र पारिवारिक एकताको भावना अत्यन्त महत्वपूर्ण छ,' मन्त्री थापाले सन्देशमा लेखेका छन् 'यो पर्व महिला अधिकार, लैङ्गिक समानता र सामाजिक सशक्तीकरणको सन्देशसहित मनाउन आग्रह गर्दछु ।' उनले बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले महिला स्वास्थ्य, शिक्षा र सशक्तीकरणलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको र आगामी दिनमा अझ प्रभावकारी योजना ल्याइने प्रतिबद्धता व्यक्त गरे ।

स्वास्थ्यप्रति सचेत रहँदै तीजको उल्लासपूर्ण वातावरणमा सहभागी हुन सबै दिदीबहिनीलाई आह्वान गर्दै मन्त्री थापाले लेखे, 'हरेक महिलाको स्वास्थ्य सुरक्षित होस्, घरआँगनमा तीजको उल्लास छाओस् ।'

# हरितालिका तीजपर्व मनाइँदै



साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ हरितालिका तीजपर्व मंगलबार देशभर हर्षोल्लासका साथ मनाइएको छ । हिन्दू नेपाली महिलाले महादेवको पूजाआराधना गरी तीज मनाउने परम्परा छ ।

आजको दिन निराहार व्रतबसी शिव-पार्वतीको पूजा, उपासना गरेमा सुख, शान्ति र परिवारको कल्याण हुने धार्मिक विश्वास रहेको छ । तीजपर्व ऋषिपञ्चमीसम्म मनाइन्छ । तृतीयाका दिन हरितालिका व्रत, चौँथीका दिन गणेश भगवानको पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन हुन्छ । सत्ययुगमा हिमालय पुत्री पार्वतीले गौरीघाटमा बसी तपस्या गरेर श्रीमहादेव पति पाउने बरदान पाएकी थिइन् । तर, पिता हिमालयले पार्वतीको इच्छाविपरीत विष्णुसित विवाह गरिदिन खोजेपछि साथीहरुलाई आफ्नो समस्या सुनाइन् । पार्वती समस्यामा परेको थाहा पाएपछि उनका साथीहरुले हरण गरेर लगी कसैले नदेख्ने ठाउँमा लुकाएर राखिदिए ।

साथीहरुले लुकाएकै ठाउँमा पार्वतीले निराहार व्रतगरी महादेवलाई प्राप्त गरिन् । यसरी पार्वती साथीहरुद्वारा हरण भएको दिन भाद्रशुक्ल तृतीयाको दिन भएकाले त्यही समयदेखि हरितालिका तीजको व्रत लिने प्रचलन सुरु भएको बताइन्छ । महिलाले वर्ष दिनभर आफूलाई परेका दुःख, पीर, मर्कालाई पोख्ने पर्वका रुपमा समेत तीजलाई उपयोग गर्ने गरेका छन् । तीजको अवसरमा गीतका माध्यमबाट यस्ता मर्कालाई महिलाले सार्वजनिक गर्दछन् ।

जन्मघरबाट कर्मघरमा गई बस्दा पाएका दुःख, पीर, मर्कालाई नारीले गीतमार्फत् पोख्ने गरेका छन् । हटौंडाको पशुपति मन्दिरसहित मकवानपुरका दशवटै स्थानीय तहमा रहेका शिव मन्दिरमा बिहानैदेखि पूजा गर्ने भक्तजनहरुको भीड लागेको थियो ।

# 'इम्बोस्ड प्लेट जडान नगरेमा तत्काल कारबाही हुँदैन'




साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ यातायात व्यवस्था विभागले असोज १ गतेदेखि सबै सरकारी, निजी तथा सार्वजनिक सवारी साधनमा क्रमशः इम्बोस्ड नम्बर प्लेट जडान गर्ने निर्णय कार्यान्वयनमा ल्याइने स्पष्ट पारेको छ ।

तर, असोज १ गतेदेखि नै इम्बोस्ड नम्बर प्लेट जडान नगरेको खण्डमा तुरुन्त जरिवाना वा कारबाहीमा परिने भन्ने भ्रम उत्पन्न भएको विषयमा तत्काललाई कुनै किसिमको दण्ड जरिवाना नगरिने व्यहोरा विभागले मंगलबार एक विज्ञप्ती जारी गर्दै स्पष्ट पारेको हो । आफूलाई अनुकूल भएको समयमा सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्वः स्फूर्त ढंगले इम्बोस्ड नम्बर प्लेट जडान गरी डिजिटलाइजेसन कार्यमा सहयोग गर्न विभागले अनुरोध गरेको छ ।

संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ बमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको अध्यक्षतामा बसेको समितिको निर्णयअनुसार यो व्यवस्था लागू गर्न लागिएको हो । यसअघि विभागले भदौ ३ गते सार्वजनिक सूचना जारी गरेर असोज १ देखि सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य नम्बर प्लेट जडान गर्नुपर्ने जनाएको थियो । विभागका अनुसार इम्बोस्ड नम्बर प्लेट लागू भएपछि मुलुकभरका सवारीसाधनको एकिन विवरण प्राप्त हुने, कृत्रिम बौद्धिकतामा आधारित ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने, चोरी तथा आपराधिक गतिविधि नियन्त्रण, राजस्वछली रोकथाम तथा विपद् व्यवस्थापनमा सहजता हुने बताइएको छ ।

विभागले विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा फैलिएका भ्रामक सूचनाप्रति ध्यानाकर्षण गर्दै नम्बर प्लेटको गुणस्तर तोकिएअनुसार रहेको र तथ्यांक मुलुक बाहिर नजाने गरी विभागकै सर्भरमा सुरक्षित हुने जनाएको छ । नेपालको मौलिकता गुम्ने खतराको विषयमा भने विभागले बोलेको छैन । देवनागरी लिपिमा नम्बर प्लेट राख्ने विषयमा पनि विभागको मौनता कायमै रहेको छ ।

## नैतिक शिक्षा सम्बन्धी प्रशिक्षण

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/पालुङ जेसीजको आयोजनामा विद्यार्थीलाई 'सुन्दर भविष्य निर्माणका लागि नैतिक शिक्षा आजको आवश्यकता' विषयक विशेष कार्यक्रम भएको छ ।

कार्यक्रम पालुङ जेसीजको सभाहल तथा जनकल्याण माविमा भएको हो । पालुङ जेसीजका अध्यक्ष माधव कार्कीको सभाध्यक्षता तथा नेपाल जेसीजका राष्ट्रिय उपाध्यक्ष तथा पालुङ जेसीजका पूर्वअध्यक्ष संगम कार्कीको प्रमुख आतिथ्यता रहेको थियो ।

नेपाल पब्लिक क्याम्पस संघका कोषाध्यक्ष एवम् पालुङ क्याम्पस प्रमुख राजन मिश्र विशिष्ट अतिथि रहेका थिए । प्रशिक्षकरुपमा रमन भट्टराईले जीवनमा सफल हुने तरिका, विद्यार्थी जीवनमा नैतिक शिक्षाको आवश्यकता र महत्व, ध्यान-योगमार्फत् जीवनलाई सहज बनाउन सकिने उपाय, समय व्यवस्थापन, तनाव व्यवस्थापन तथा लक्ष्य निर्धारणबारे सहजीकरण गरेका थिए ।

त्यसैगरी २०२५ का कार्यकारिणी उपाध्यक्ष अजित कार्कीले जेसीज आस्था प्रस्तुत गरेका थिए भने अजय कार्कीले जेसीआई मिशन/भिजन प्रस्तुत गरेका थिए । कार्यकारिणी उपाध्यक्ष स्मिता बिष्ट, पूर्वअध्यक्ष नीरज रायमाझी, लायन्स क्लब थाहाका अध्यक्ष अनित बिष्टको उपस्थिति रहेको थियो ।

२०२५ का कोषाध्यक्ष अजय कार्की, कार्यक्रम सञ्चालक सुबिन्द्रमान प्रधान लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा १५० भन्दा बढी विद्यार्थीको सहभागिता रहेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# इम्बोस्ड नम्बर, पछि हट्दै सरकार

केही दिनदेखि सामाजिक संजालमा ईम्बोस्ड नम्बर प्लेटको विषमा ब्यापक टिकाटिप्पणी भइरहेको छ । सर्वसाधारणले यसरी बहस गर्नुको पछाडि नेपालको मौलिकता गुम्ने र देवनागरी लिपिमा नभएर अंग्रेजी अक्षरमा इम्बोस्ड नम्बर प्लेट छपाइ नै हो । नेपालको झण्डा संसारमै उत्कृष्ठ मानिन्छ । त्यस्तै नेपालको मौलिक नम्बर प्लेट अन्य देशको तुलनामा अलग्गै छ । सर्वसाधारणको बहस, तर्कमा दम छ । नेपालको सवारी साधन रक्सौलबाट एक किमि पर जान पाइदैन भने किन चाहियो अंग्रेजीमा ? यो तर्कमा केही छ । अर्को नेपालको मौलिकता गुमाएर बिहारको जस्तो देखिने गरी त्यस्तो नम्बर प्लेट किन राख्ने ? इम्बोस्ड नम्बर प्लेट जडान शुल्क पनि निक्कै महंगो भयो भन्ने तर्क छ । इम्बोस्ड नम्बरप्लेट रिड गर्ने मेसिन राख्न नसक्ने सरकारले कमिशनका लागि इम्बोस्ड नम्बर प्लेट राख्न जनतालाई दवाव दिएको भन्ने तर्क पनि मनासिव छ । सार्वजनिक यातायात केन्द्रीय महासंघ नेपालले सवारी साधनमा इम्बोस्ड नम्बर प्लेट जडान नगर्न सार्वजनिक रुपमै अपिल गरेको छ । महासंघले सोमबार एक विज्ञप्ती जारी गर्दै अव्यावहारिक विषयहरु संशोधन नगरेसम्म सार्वजनिक, निजी, ढुवानीका सवारीसाधनमा इम्बोस्ड नम्बर प्लेट जडान नगर्न आह्वान गरेको हो । 'सरकार, प्रत्यक्ष सरोकारवाला पक्षहरु बीचको छलफल संवादबीच देखिएका अव्यावहारिक विषयको संशोधन सुधारविना सार्वजनिक, पर्यटन र ढुवानी, निजी सम्पूर्ण यातायात क्षेत्रको तर्फबाट इम्बोस्ड नम्बर प्लेट जडान नगर्नुहुन सबैमा हार्दिक अनुरोध छ,' महासंघले विज्ञप्तीमा भनेको छ ।

महासंघले सरकारले जबरजस्ती इम्बोस्ड जडान गर्न खोजे विरोध गर्ने चेतावनी दिएको छ । त्यसबाट उपज हुने थप गतिविधिप्रति मन्त्रालय मातहतका निकाय नै जिम्मेवार हुने महासंघले चेतावनी दिएको छ । अहिलेकै अवस्थामा इम्बोस्ड जडान गर्दा नेपाली भाषाको देवनागरी लिपि लोप हुने, आवश्यक पूर्वाधारविना नै नागरिक र सिंगो यातायात व्यवसायमा आर्थिक भार हुने गरी एकपक्षीयरुपमा निर्णय गरेको महासंघले बताएको छ । सोही कारण नेपालीको सम्पूर्ण विवरण विदेशीको नियन्त्रणमा रहने र राष्ट्र नै कमजोर हुने महासंघको ठहर छ । जुनसुकै देशको पनि आफ्नै मौलिकता हुन्छ र त्यो मौलिकताको संरक्षण गरिन्छ । तर, नेपालमा भने नेपाली मौलिकता र हाम्रो आफ्नो पहिचान गुम्ने गरी सरकारले विदेशी मुलुकको नक्कल गर्नु राष्ट्रहित बिपरित रहेको भन्दै सामाजिक संजालहरुमा पनि इम्बोस्ड नम्बर राख्न सरकारलै गरेको घोषणाको तीब्र बिरोध भइरहेको छ । बागमती प्रदेशमा असोज १ देखि सरकारले ईम्बोस्ड नम्बर अनिवार्य गर्ने सूचना जारी गरेको छ । यातायात व्यवस्था विभागले असोज १ गतेदेखि सबै सरकारी, निजी तथा सार्वजनिक सवारी साधनमा क्रमश: इम्बोस्ड नम्बर प्लेट जडान गर्ने निर्णय कार्यान्वयनमा ल्याइने स्पष्ट पारेको छ । तर, असोज १ गतेदेखि नै इम्बोस्ड नम्बर प्लेट जडान नगरेको खण्डमा तुरुन्त जरिवाना वा कारबाहीमा परिने भन्ने भ्रम उत्पन्न भएको विषयमा तत्काललाई कुनै किसिमको दण्ड जरिवाना नगरिने व्यहोरा विभागले विज्ञप्ती जारी गर्दै स्पष्ट पारेको हो । आफूलाई अनुकूल भएको समयमा सवारी दर्ता गरेको यातायात कार्यालयमा गई स्व: स्फूर्त ढंगले इम्बोस्ड नम्बर प्लेट जडान गरी डिजिटलाइजेसन कार्यमा सहयोग गर्न विभागले अनुरोध गरेको छ ।

संघ, प्रदेश तथा स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७ बमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रीको अध्यक्षतामा बसेको समितिको निर्णयअनुसार यो व्यवस्था लागू गर्न लागिएको हो । विभागले विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमा फैलिएका भ्रामक सूचनाप्रति ध्यानाकर्षण गर्दै नम्बर प्लेटको गुणस्तर तोकिएअनुसार रहेको र तथ्यांक मुलुक बाहिर नजाने गरी विभागकै सर्भरमा सुर क्षित हुने जनाएको छ । नेपालको मौलिकता गुम्ने खतराको विषयमा भने विभागले बोलेको छैन । देवनागरी लिपिमा नम्बर प्लेट राख्ने विषयमा पनि विभागको मौनता कायमै रहेको छ । यसअघि विभागले भदौ ३ गते सार्वजनिक सूचना जारी गरेर असोज १ देखि सवारी दर्ता, नामसारी र नवीकरण गर्दा अनिवार्य नम्बर प्लेट जडान गर्नुपर्ने जनाएको थियो । विभागका अनुसार इम्बोस्ड नम्बर प्लेट लागू भएपछि मुलुकभरका सवारीसाधनको एकिन विवरण प्राप्त हुने, कृत्रिम बौद्धिकतामा आधारित ट्राफिक व्यवस्थापनमा सहयोग पुग्ने, चोरी तथा आपराधिक गतिविधि नियन्त्रण, राजस्वछली रोकथाम तथा विपद् व्यवस्थापनमा सहजता हुने बताइएको छ ।

# राजनीतिको दुष्चक्रमा शिक्षाः समाजवादी मोडल अबको विकल्प



✍ डबल महतारा

वास्तवमा राजनीति र शिक्षा एकअर्कामा अन्तर्सम्बन्धित छन् । राजनीतिका लागि शिक्षा र शिक्षाका लागि सही राजनीतिको खाँचो पर्छ । शिक्षा भनेको कुनै पनि शैक्षिक संस्था वा स्वाध्ययनबाट प्राप्त गर्ने ज्ञान, क्षमता, बुद्धिविवेक हो । जस्तो राजनीति छ, समाजमा त्यस्तै खालको शिक्षामा प्रभाव परेको हुन्छ । राजनीति भनेको कुनै पनि राज्यको शासन व्यवस्था निर्धारण गर्ने प्रणाली वा नीति हो । यसमा शिक्षानुसारको राजनीति प्रणाली लागु भएको हुन्छ । विश्वमा विभिन्न खालका राजनीतिक प्रणाली रहेका छन् । तिनीहरूको मुख्य स्रोत भनेको शिक्षा हो । उनीहरूले कुन खालको शिक्षा ग्रहण गरेर नीति निर्माण तहमा पुगेका हुन् भन्ने नै प्रमुख प्रश्न हो । विश्वमा शैक्षिक मोडलहरू पनि फरक-फरक छन् । कुनै ठाउँमा समाजवादी मोडल छ भने कुनै ठाउँ पुँजीवादी या यथास्थितिवादी मोडल पाइन्छ । जुन देशमा समाजवादी शिक्षाको मोडल छ, त्यहाँ वैज्ञानिक तथा व्यावहारिक शिक्षा छ भने जुन देशमा पुँजीवादी वा यथास्थितिवादी मोडल छ, त्यहाँ बुर्जुवा शिक्षा रहेको छ ।

राजनीतिमा जुन वर्गको हाबी रहन्छ, उस्तै खालको शिक्षा प्रणाली रहेको हुन्छ । पछिल्लो समयमा हेर्ने हो भने छोटै समयमा पनि छिमेकी मुलुक चीन विश्वको शक्तिशाली राष्ट्रको रूपमा उदाउन सफल भएको छ । यो कुरा शिक्षाको समाजवादी मोडलले मात्रै सम्भव भएको हो । यसका साथै हाल उत्तरकोरिया, क्युबा, भेनेजुयला लगायत देशहरूमा समाजवादी मोडल रहेको छ । डेनमार्क, फिनल्यान्ड, नर्वे, स्विडेन, भुटान लगायत देशमा भने यसको अभ्यास भइरहेको छ । समाजवादी मोडल भएका देशमा सबै वर्ग, जाति, लिङ्ग, क्षेत्र वा समुदायका नागरिकलाई राज्यले नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था रहेको छ । यस्तो खालको शिक्षाले सीमान्तकृत, पछाडि परेका र ग्रामीण क्षेत्रका समुदायलाई विशेष ध्यान दिने गर्छ । समाजवादी शिक्षा मोडलले सबैलाई देशप्रेमी र राष्ट्रभक्ति बनाउँछ । उनीहरूमा सामूहिकता र श्रमप्रति सम्मानको भावनाको विकास गराउँछ ।

मैले माथि छिमेकी मुलुक चीनका कुरा ल्याएको थिएँ । त्यहाँको पढाइ एकदमै व्यावहारिक छ । सानैबाट प्रविधिमैत्री शिक्षा दिइन्छ । आधुनिक आवश्यकता र त्यसको हल गर्न सक्ने सम्भावित योजना र आविष्कारका कुरा सिकाइन्छ, अनि मात्र चीन चीन जस्तो भएको हो । जतिबेला चीनमा माओत्सेतुङले दीर्घकालीन जनयुद्धको घोषणा गर्दै थिए, त्यतिबेला त्यहाँको शैक्षिक अवस्था एकदमै धराशायी र जर्जर थियो । जनताहरू भोकमरीले आकुलव्याकुल बनेका थिए । त्यतिबेलै पनि हाम्रो देशका जनता खान पुग्ने स्थितिमै थिए, आत्मनिर्भर थिए । चीनमा जनवादी क्रान्ति सम्पन्न भई नवनिर्माणको अभियान थालेर सफलताको चुलीमा पुग्दासम्म हाम्रो नेपालको अवस्था उही स्थितिमै रहेको छ । अझ भन्ने हो भने विगतको तुलनामा हामी अझ परनिर्भर बन्दै गइरहेका छौँ ।

हुम्लाकै कुरा गर्ने हो भने त्यतिबेला प्रशस्त अन्न उत्पादन हुन्थ्यो । आफू खाएर पनि यहाँका बासिन्दाले सातुसामल लिएर तिब्बतको ताक्लाकोटमा व्यापार गर्न जान्छे । सातु र चामल दिएर त्यहाँबाट ऊन र नुन ल्याएर फर्किन्थे । खेतबारीमा कपास उत्पादन गरेर ठेटुवाँको आफैँले घरमा लत्ता-कपडा बनाउँथे । अहिले त्यसको ठिक उल्टो भएको छ । त्यहाँबाट आज सातुसामल नल्याएर बाँच्ने स्थिति छैन । छिमेकीसँग ऊन होइन सुन छ । हामीसँग सामल होइन, अनिकाल छ, भोकमरी छ । यो अवस्था शिक्षा र राजनीतिकै कारणले सिर्जना भएको हो ।

हाम्रो चिन्तन साँघुरो छ, विचार सङ्कीर्ण छ । मैले उसलाई केही सिकाएँ भने ऊ मभन्दा अगाडि जान्छ भन्ने मान्यता र धारणा छ । त्यो धारणा हिजोको राणा र पञ्चायती व्यवस्थादेखि नै विकसित भएर आएको हो । त्यही भएर आज सीमित व्यक्तिबाहेक अरूले राजनीतिको अभ्यास गर्न पाएका छैनन्ह नीति निर्माण तहमा पुग्न सकेका छैनन् । शिक्षा पनि त्यही खालको छ । स्तुतिवादी, परम्परागत र पुरातनवादी मोडलको । शिक्षा भन्नाले कुनै कुराको उचित तालिम हो । हाम्रो शिक्षाले सीपमूलक तालिम दिनुको सट्टा केवल अर्ती-उपदेश दिने कुरामा सीमित छ । सानालाई माया र ठुलाको आदर गर्नुपर्छ भन्ने कुराको सिकाइले सधैँभरि ठुला व्यक्तिको आदर गर्दागर्दै पैतालामुनि कुल्चिएको पनि थाहै नपाइने स्थितिसम्म पुर्‍याइको छ ।

राजनीति सही छ भने शिक्षा सही हुन्छ र शिक्षा सही भयो भने शिक्षित वर्ग पनि सही हुन्छ । देशका विभिन्न ठाउँमा साक्षरता घोषणा कार्यको लहर चलेको छ । मानौँ अब घरका सबै परिवार शिक्षित भयो अरे, मानौँ त्यो घरमा के परिवर्तन आयो त ? उनीहरूले के सबै एकैचोटि रोजगारी पाउँछन् त ? के उनीहरूलाई राज्यले क्षमता अनुसारको काम दिन सकेको छ त ? के साक्षरता बढेर देश मानव विकासको सूचकाङ्कको सूचीमा पहिलो नम्बर पुग्यो त ? त्यसो होइन, अब साक्षरता भयौँ भन्नुभन्दा पनि हामी यति-यति सीपमा निपुण भयौँ भन्न सक्नुपर्छ । दक्षतामा जोड दिनुपर्छ । मेरो पालिकामा यति सीपमूलक तालिम दिइयो, उनीहरूलाई यो यो रोजगारी दिइयो भन्ने खालका समाचार हेर्न र सुन्न पाइएमा मात्र देशको उन्नति हुन सक्छ ।

हाम्रो देशमा पनि शिक्षाको समाजवादी मोडल लागु गर्ने हो भने विकासमा छिटो प्रगति गर्न सक्छौँ । किनभने हामी भौगोलिक रूपलेह वातावरणीय, जैविक तथा प्राकृतिक स्रोतको हिसाबलेह जलस्रोतका हिसाबले विश्वका देशभन्दा अगाडि छौँ । कुनै पनि ठाउँमा हेलिकोप्टरमा माटो बोकेर त्यो ठाउँमा वृक्षारोपण गर्नुपर्ने अवस्था छैन । कुनै पनि ठाउँमा यो खालको बाली र बोटबिरुवा छैन भन्ने अवस्था छैन । केवल सही र सच्चा नेतृत्वको खाँचो छ । त्यो नेतृत्वमा वैज्ञानिक चेतना र व्यावहारिक दृष्टिकोणको खाँचो छ । पछिल्लो समयमा हाम्रो मुलुकमा शिक्षाका लागि राजनीति होइन, राजनीतिका लागि शिक्षा दिइन्छ । त्यहाँ पढाइ भयो वा भएन ? त्यहाँ शिक्षक कर्मचारी छन् वा छैनन् ? त्यहाँ भौतिक पूर्वाधार छन् कि छैनन् ? विद्यालयको अवस्था कस्तो छ ? भन्नेतिर कसैको चासो र चिन्ता छैन ।

चुनावमा भोट सङ्कलन गर्ने थलोका रूपमा गाउँमा विद्यालय स्थापना गरिन्छ । आफ्नो राजनीति बलियो बनाउनका लागि विद्यालय व्यवस्थापन समितिको चुनाव गराइन्छ । आफ्ना आफन्ती भर्ती गर्ने ठाउँका रूपमा विद्यालय बनाइन्छ । आज ती राजनीतिक अखडा भएका छन् । अधिकांश विद्यालय आफन्त र राजनीतिक कार्यकर्ता भर्ती केन्द्रका रूपमा विकास गरिएको छ । उनीहरूले नपढाए पनि चुनावको दिन जिन्दावाद र मुर्दावादको नारा लगाए पुग्छ । अनि कसरी शिक्षाको विकास कसरी हुन्छ ? प्राय: राजनीतिक दलका नेता वा उच्च तहका कर्मचारीले आफ्ना सन्तानलाई सरकारी विद्यालयमा पढाउँदैनन् । उनीहरूलाई सरकारी विद्यालयको अवस्थाका बारेमा खासै चिन्ता र चासो हुँदैन । विद्यालय व्यवस्थापन समिति गठनको दिन, वार्षिकोत्सवको दिन र चुनावको प्रचारको दिनबाहेक उनीहरू अरू दिन सरकारी विद्यालय जाँदैनन् । अनि उनीहरूलाई कसरी थाहा हुन्छ विद्यालयको अवस्था ? पढाइको चाँजोपाँचो मिलाउने काम उनीहरूले कति गरे ? गम्भीर प्रश्न उठ्छ ।

विद्यालयमा पनि जाने र घरमा पनि नियमित रूपले अध्ययन गर्ने, गराउने कार्य नै शिक्षा हो । सरकारी विद्यालयमा पढ्ने अधिकांश बालबालिकाले घरमा गएर कामधन्दा गर्नुपर्ने अवस्था छ । भोकै विद्यालय जानुर्पर्ने बाध्यता छ । कापी किन्ने पैसा नपाएर उनीहरूको यौवन तड्पिरहेको हुन्छ । अनि त्यहाँ कसरी गुणस्तरको कुरा सम्भव हुन्छ ? उता निजी विद्यायमा पढ्ने बालबालिकालाई लिन घरमै गाडी पुग्छ । टिफिनमा नास्ता हुन्छ । मासिक शुल्क, ट्युसन वा कोचिङ शुल्कको कुनै चिन्ता हुँदैन । उनीहरूको प्रमुख काम पढ्नेबाहेक अर्को छैन । अनि त्यहाँ नभएर पढाइ कहाँ हुन्छ । राजनीतिक रूपले सरकारी विद्यालयको व्यवस्थापन नगर्ने अनि खालि शिक्षकलाई मात्र दोष लगाएर कहिले शिक्षामा गुणस्तर हासिल गर्न सकिन्छ ?

शिक्षामा व्यापारीकरण भइरहेको छ । देशमा अहिले दुई खालको शिक्षा नीति छ । एउटा व्यापारिक र अर्को अव्यावहारिक । व्यापारिक शिक्षाले लगानीकर्तालाई मोटाउने अवसर प्रदान गरेको छ भने अव्यावहारिक शिक्षाले विद्यार्थीलाई दर्जनौँ लब्धाङ्कपत्र प्रदान त गरेको छ अव्यावहारिक र खोक्रो मात्रै । वास्तवमा दुवै खालको शिक्षाले बेरोजगार र अदक्ष जनशक्ति मात्रै उत्पादन गरि रहेका छन् । अहिले संसद्मा शिक्षा विधेयकका बारेमा छलफल भइरहेको छ । त्यो विधेयकले पनि वर्तमान समस्या हल गर्न सक्ने खालको छैन । जबसम्म नेतृत्वमा समाजवादी चेतना जाग्दैन र विद्यार्थीले पनि व्यावहारिक शिक्षाको अनुभूत गर्न पाउँदैनन्, तबसम्म हाम्रो देशको हालत यस्तै हुनेछ । विद्यालय अहिले ठाउँठाउँमा च्याउ उम्रेजस्तै छन् । कतै सात विद्यार्थी नौजना शिक्षक त कतै पाँच-सात सय विद्यार्थी सात जना शिक्षक छन् । यो पनि राजनीतिले नै सिर्जित गरेको समस्या हो । वर्तमान शिक्षा र र ाजनीतिक प्रणालीले देशलाई नै बेरोजगार उत्पादन गर्ने कारखाना बनाएको छ । बाकसमा डिग्रीको लब्धाङ्क पत्र थन्क्याएर खाडी मुलुकमा जाने युवाहरूको लर्कै बढिरहेको छ । व्यावहारिक शिक्षाले दक्ष जनशक्ति उत्पादन गर्छ र राष्ट्रलाई समृद्धितिर लैजान्छ भने बुर्जुवा शिक्षाले बेरोजगार उत्पादन गरेर गरिबी, भ्रष्टाचार विकृति निम्त्याउँछ ।

अब राजनीतिका लागि शिक्षाभन्दा पनि शिक्षाका लागि राजनीति गर्न आवश्यक छ । यसका लागि एक मात्र उत्तम विकल्प समाजवादी क्रान्ति हो । जहाँ सबैले काम गर्न पाउँछन्ह सबैले खान र लाउन पाउँछन्ह जहाँ यो देश सबैको साझा हो भन्ने भावना अपनत्वको विकास हुन्छ जहाँ सबैले नैसर्गिक अधिकारसहित मौलिक अधिकारको पूर्ण प्रत्याभूति गर्न पाउँछ त्यहाँ भ्रष्टाचार किन गर्नुपर्‍यो ? भ्रष्टाचार गर्‍यो भने पनि कडा सजाय दिने व्यवस्था गरिन्छ ।

'म'को सट्टा हामी र हाम्रो भन्ने भावना विकास गर्न र सिकाउन जरुरी छ । त्यो शिक्षा समाजवादी मोडलमा हुन्छ । बालबालिका र ज्येष्ठ नागरिकलाई राज्यले हेर्ने र युवा शक्तिलाई उनीहरूको क्षमता र योग्यताका आधारमा काम दिने हो भने हामी छिटै सम्पन्नशाली बन्नेछौँ । समाजवाद र समृद्धिलाई नारामा मात्र सीमित नराखौँ, जीवन व्यावहारमा लागु गरौँ । शैक्षिक प्रणाली बदलौँ । अब प्राथमिक तहबाटै बालबालिकाको रुचि अनुसारको सीपमलूक शिक्षा दिएर माध्यमिक तहसम्म पूरै रोजगारी बन्ने खालको शिक्षाको मोडल विकास गरौँ ।

राज्य र प्रशासनसँग सम्बन्धित सामाजिक सिद्धान्त हो राजनीति । यस्तै खालको राजनीतिले हाम्रो देशमा कर्मचारीतन्त्र हाबी गराएको छ । नीति-नियम पनि व्यक्तिपिच्छे फरक अर्थ लगाइन्छ र लागु गरिन्छ । शासन व्यवस्थासम्बन्धी नीति र राज्य सञ्चालन प्रणालीको नेतृत्व गर्ने भएकाले राजनीति जननीतिमा परिणत हुन आवश्यक छ । केवल देखाउने दाँतका रूपमा सीमित राखिनु हुँदैन । शिक्षा समाजबाट सिकेर, सुनेर वा सामाजिक मूल्य-मान्यताबाट ग्रहण गरिने व्यावहारिक वा सैद्धान्तिक प्रक्रिया हो । हाम्रो समाजमा भ्रष्टाचारका कुरा सुनिन्छन्, विकृतिले सिर्जना गरेका व्यावहार देखिन्छन् अनि कसरी सही खालको शिक्षा ग्रहण गर्न सक्छन् विद्यार्थीले ? सामाजिक सञ्जाल र समाजमा पनि त्यस्तै खालका प्रवृत्ति छन् ।

अब हामीले शिक्षा र राजनीतिको परिभाषा परिवर्तन गर्नुपर्छ । हाम्रो नेपालको सन्दर्भमा कुनै पनि कुराको कमी छैन । सकारात्मक र प्रगतिशील व्यवहार र सिद्धान्त सिकेर वा ग्रहण गरेर देश र जनताको हित गर्नु नै शिक्षा हो । त्यस्तै राजनीति भनेको सबै नागरिकलाई र विशेषत: गरिब, विपन्न, पिछडिएका व्यक्ति तथा समूहलाई राज्यको मूलधारमा ल्याई पूर्ण रूपमा आत्मनिर्भर गराउने नीति हो । राजनीति पेसा होइन सेवा हो भन्ने खालको शिक्षा दिने वातावरण तयार पारौँ । शिक्षा पढाइ र भोगाइ दुवै तरिकाबाट आर्जन गरिने सकारात्मक बुद्धि हो भनेर सिकाऔँ । जहाँ सिक्नु मात्र शिक्षा होइन, त्यो सिकाइले जीवन निर्वाह गर्ने तथा इमानदार, अनुशासित र कर्तव्यनिष्ठ बन्ने बनाओस् । शिक्षाले व्यक्तिलाई कर्तव्य र दायित्व दुवै कुराको बोध गराउन सक्नुपर्छ । अब हनुमानको कथा पढाएर सम्भव हुँदैन । गरिबको दु:खका बारेमा कथा पढाउन आवश्यक छ । त्यो दु:खबाट कसरी उन्मुक्ति पाउने भन्ने उपाय खोजी गर्ने शिक्षाका बारेमा पढ्ने र पढाउने गरौँ । हाम्रा विद्यालयलाई अब अनुसन्धान केन्द्रमा परिणत गर्न आवश्यक छ । यहाँका जडीबुटीबाट कसरी औषधी बनाउने ? यहाँका फलफूलबाट कसरी जामजेली बनाउने ? यहाँका डाँडाकाँडाहरूमा कसरी केबलकारको जालो फिँजाउने ? कसरी हिमालय पर्वतहरूमा बढीभन्दा बढी हिउँ पगाल्ने होइन जम्मा हुने व्यवस्था सिर्जना गर्ने भन्ने चेतनाको विकास विद्यार्थीमा सानैदेखि गराउन आवश्यक छ ।

गाउँका वैद्यहरू जम्मा गरेर जडीबुटीका बारेमा सोधखोज गर्ने गरौँ । किसानको ज्ञानलाई भरपुर प्रयोग गरेर कुन ठाउँबाट सिँचाइ नहर निर्माण गर्नेह कहिले र कुन समयमा धान खेती गर्ने भन्ने कुरा सिकौँ । भोकमरीको चपेटामा परेका व्यक्तिलाई एकमुठी अन्न वितरण गर्ने सरकारी गोदाम घर निर्माण गरौँ । अनि मात्र सही राजनीति हुनेछ । त्यसैले मात्र सही खालको शैक्षिक प्रणाली विकास गर्नेछ । हामीले पढ्न त पीएचडीसम्म पढ्छौँ तर पेट दुखे के औषधी खाने भन्ने कुरा जानेका हुँदैनौँ । पाइन्ट वा धोतीको छेउमा उ्रेको सिलाउन जान्दैनौँ । स्वादिलो र स्वास्थ्यलाई असर नगर्ने खाना पकाउन जान्दैनौँ ।

लोकसेवा र शिक्षक सेवाको परीक्षा दिन कापीमा उत्तर लेख्नेबाहेक अर्को सीप सिकाउन सकेको छैन हाम्रो शिक्षा प्रणालीले । अब हाम्रो साधारण धारतर्फको शिक्षा हटाऔँ र प्राविधिक तथा व्यावसायिक शिक्षालाई अनिवार्य बनाऔँ । देशभित्रै उद्योगधन्दा, कलकारखाना निर्माण गरी कसरी देशलाई धनी बनाउने भनेर चिन्तनमनन गर्ने जनशक्ति उत्पादन गर्ने विद्यालय निर्माण गरौँ । भ्रष्ट हुने र भ्रष्टाचार गर्ने नीति तोडौँ । इमानको राजनीति गर्ने र सेवामुखी शिक्षा दिने वातावरण सिर्जना गरौँ । अनि मात्र हामी नेपाली विश्वमा बहादुर भएको सार्थकता पाउनेछौँ । हामी हिजो बहादुर थियौँ तर आज कायरमा परिणत भएका छौँ । यसको मूल कारण भनेको हाम्रो शिक्षा र राजनीति नै हो ।

हिजो हामीले लड्न जानेका थियौँ, हतियार बनाउँथ्यौँ, कम्तीमा अरिङ्गाल र बारुलाको प्रयोग गरेरै भए पनि युद्ध जित्ने कला र बुद्धि हामीमा थियो । नाकामा सिस्नु रोपेर पनि हामी सुरक्षित थियौँ । त्यतिबेला आँट, हिम्मतका साथै व्यावहारिक शिक्षा सिकेका थियौँ । अहिले हामीले बुर्जुवा शिक्षा सिकेका छौँ । जुन शिक्षाले हामीलाई गुलाम बनाइरहेको छ । अरूको अगाडि शिर निहुराएर मागेर खाने मगन्तेबाहेक अरू केही बनाउन सकेको छैन । अहिले आणविक हतियार र इन्टरनेटको जमाना छ । विज्ञान र प्रविधिको प्रयोग गरेर हामीले उन्नति गर्नुपर्नेछ । त्यसतर्फ हामीले सोच्नुपरेको छ ।

*(साभार: रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १२ गते बिहीबार २८ अगष्ट २०२५ । पञ्चमी, भाद्र कृष्णपक्ष । गुँल्लागा ११४५ ने.सं. । सूर्योदय ५:४१, सूर्यास्त ६:२७। ऋषिपञ्चमी व्रत (सप्तर्षी पूजा ) । कोखजा विये । सप्तऋषि पूजा । विरूडा पञ्चमी

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मनोरञ्जन प्राप्त हुनेछ | **तुला** | : मनमा निरासा उत्पन्न हुनेछ |
| **वृष** | : व्यापारबाट लाभ मिल्नेछ | **वृश्चिक** | : समयले साथ दिनेछ |
| **मिथुन** | : स्वास्थ्योपचारमा खर्च हुनेछ | **धनु** | : रमाइलोमा दिन बित्नेछ |
| **कर्कट** | : मानसिक असन्तुष्टि बढ्नेछ | **मकर** | : जोश जागर आउनेछ |
| **सिंह** | : ज्ञानगुनका कुरा जान्न पाइनेछ | **कुम्भ** | : समयले साथ दिनेछ |
| **कन्या** | : काम अपुरै रहने देखिन्छ | **मीन** | : राम्रो समाचार सुन्न पाइनेछ |

# अनौठो मिथकको भैरव-कुमारी जात्रा

✍ चिरञ्जीवी मास्के

एउटा अनौठो मिथकको प्रतीकका रुपमा पाँच दिनसम्म प्रदर्शन गरिने भैरव-कुमारी जात्रा ऐतिहासिक नगरी दोलखा शहरमा हरेक वर्ष मनाइने गरेको छ । मानिस खाने देवीलाई तान्त्रिक विद्याबाट नियन्त्रण गरेपछि दोलखा शहरमा यो जात्रा शुरु भएको स्थानीयले सुनाउने गरेका छन् । गाईजात्राको भोलिपल्टबाट शुरु भई पाँच दिनसम्म प्रदर्शन गरिने यो जात्रामा भैरव-कुमारीको दर्शन र पूजा गर्दा सन्तान प्राप्ति, रोगव्याधि नलाग्ने र सोचेको काम पूरा हुने जनविश्वास रहँदै आएको पाइन्छ । भैरव-कुमारी जात्रा नेपालको दोलखा शहरमा मात्र प्रदर्शन हुँदै आएको छ ।

जात्राको अवधिमा मनोकांक्षा पूरा होस् भन्दै महिलाहरुले व्रतसमेत बस्ने गरेका छन् । गुठीयार दाजुभाइहरुले हरेक वर्ष पालैपालो जात्रा व्यवस्थापनको लागि आवश्यक पर्ने सामग्रीहरु उपलब्ध गराउनुपर्ने प्रचलनसमेत रहेको छ ।

जात्राको शुरुवात कहिलेदेखि भयो भन्ने एकिन मिति थाहा नभए पनि दोलखामा किराँत राज्यकालबाटै यो जात्राको शुरुवात भएको जनविश्वास रहेको सामाजिक अभियन्ता भरतनारायण प्रधानको भनाइ छ । केही-केहीले भने मल्लकालीन राजा हरसिंह देवको पालाबाट भैरव-कुमारी जात्रा शुरु भएको विश्वास गर्दै आएका छन् । किंवदन्तिअनुसार दोलखा राज्यमा दुङ्गल टोलका सिन्दु र विन्दु नाम गरेका दुई तान्त्रिक दाजुभाइ थिए । उनीहरु दैनिक तामाकोशी नदीमा गएर त्यहाँको जल (शुद्ध पानी) भीमेश्वर मन्दिरमा ल्याई चढाउँथे । यो क्रममा तान्त्रिक दाजुभाइले तामाकोशी किनारमा तीन दिदीबहिनी खेलिरहेको देखे । ती दाजुभाइले उनीहरु भगवती भएको थाहा पाएपछि उनीहरुलाई आफ्नो विद्याबाट बसमा पारेर दोलखा बजारमा ल्याए ।

दोलखा बजारमा ल्याएपछि उनीहरुकै चाहनाअनुसार जेठी त्रिपुरासुन्दरी भगवतीलाई दोलखामै, माहिली कालिञ्चोक भगवतीलाई गौरीशङ्कर हिमाल देखिने कालिञ्चोकमा र कान्छी बालकुमारी भगवतीलाई जेठी दिदीसँग दोलखामै राखियो । जेठी र कान्छी दिदीबहिनी आएपछि दोलखामा हरेक दिन मानिस हराउन थाले । मानिस हराउने रहस्य खोज्दै जाँदा चुलबुले स्वभावकी बालकुमारीले मानिस खाने गरेको थाहा पाएपछि तान्त्रिकले बालकुमारीलाई नियन्त्रणमा लिने उपाय खोजे । यही क्रममा तान्त्रिक भाइ विन्दुले बालकुमारीस्थान (कोविदेउ) मा सिँढीसहितको एउटा ठूलो खाल्टो बनाएर बालकुमारीलाई फकाई उनीसंग लुकामारी खेल्न थाले । लुकामारी खेल्दा विन्दुले तान्त्रिक विद्याबाट आफूलाई पीठोको सिक्री बनाएर बाँधे भने बालकुमारीलाई फलामको सिक्रीले बाँधिदिए । अनि आफू पीठोको सिक्री फुकाएर खाल्डोबाट माथि निक्ली बालकुमारीलाई सोही खाल्डोमा थुनिदिएको किंवदन्ति प्रचलनमा रहेको पाइन्छ ।

बालकुमारीलाई खाल्डोमा थुनेपछि उनी धेरै रुन लागिन् । त्यसैले तान्त्रिकले वर्षमा तीन दिन भैरवलाई अघि लगाएर बजार जान अनुमति दिए । बालकुमारीलाई एक्लै पठाउँदा फेरि मानिस खाने डरले भैरवलाई अघि लगाएर मात्र जान दिइएको विश्वास गरिन्छ । सोही अनुसार भैरव-कुमारी जात्रा शुरु भएको भरतनारायण बताउँछन् । भैरव भीमेश्वरको प्रतीक (महादेव) हुन् भने कुमारी उनै बालकुमारी हुन् । यो जात्राको क्रममा भैरव-कुमारीसहित १३ जना सेनामेनासमेत हुने गरेका छन् । विगतमा भैरव-कुमारी जात्रा प्रदर्शनमा भीमेश्वरको गहना पहिरिने गरेको भए पनि अहिले सुरक्षाका कारण त्यो क्रम बन्द भएको छ । भैरव-कुमारी जात्रामा दोलखाको शिवभक्ति परिवार मात्र सहभागी हुने प्रचलन रहेको छ । भैरव-कुमारी जात्राको लागि छुट्याइएको गुठीको जग्गामा शिवभक्तिहरु मात्र रहेकोले भैरव, कुमारी र अन्य सेनामेना गरी १३ जना नै शिवभक्ति थरका मानिस मात्र नाच्नुपर्ने प्रचलन रहेको स्थानीयको भनाइ छ ।

यो जात्रा विगतमा पिङ्गल टोलबाट निकालिने भए पनि अहिले भने तीन वर्ष पिङ्गल टोलबाट र तीन वर्ष टँसिचा टोलबाट निकालिने गरेको छ । तीन दिन निकालिने यो जात्रा अहिले पाँच दिन निकाल्ने गरिन्छ । किंवदन्तिअनुसार भैरव-कुमारी जात्रा पहिलो दिन भूतले हेर्ने, दोस्रो दिन देवीदेवताले हेर्ने, तेस्रो र चौथो दिन आगन्तुकले हेर्ने र पाँचौं दिन दोलखाका स्थानीयले हेर्ने गरिन्थ्यो । तर अहिले भने हरेक दिन स्थानीय तथा आगन्तुक सबैले हेर्ने गरेको भरतनारायणको भनाइ छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# पहिला उद्योगीसँग लड्थे, अब सरकारसँग लड्दै उखु किसान

काठमाडौं/पाँच वर्ष अघिसम्म हरेक वर्ष विभिन्न जिल्लाका किसान काठमाडौं आउँथे र चिनी उद्योगले उखु किनेबापतको भुक्तानी नदिएको विषयमा आन्दोलन गर्थे । २०७७ सालसम्म विभिन्न चिनी उद्योगले किसानको ९० करोड भुक्तानी गर्न बाँकी थियो । त्यसमध्ये अझै पनि केही उद्योगबाट किसानले भुक्तानी पाएका छैनन् । तर, अहिले सञ्चालनमा रहेका १३ वटा चिनी उद्योगले भने किसानलाई भुक्तानी गरिरहेको उद्योगीहरु बताउँछन् ।




विगतमा उखु बेचेको पैसा नपाएको विषयमा काठमाडौंका सडकमा आएर आन्दोलन गर्न बाध्य किसानहरू अहिले सरकारले किसानलाई दिएको अनुदान रकम घटाइदिएपछि आन्दोलनमा छन् । सरकारले विगतमा उद्योगीहरुमार्फत किसानलाई राहत उपलब्ध गराउने गरेको थियो । सरकारले चिनीको लाग्ने मूल्य अभिवृद्धि कर (भ्याट)को ९० प्रतिशत उद्योगलाई फिर्ता दिन्थ्यो । त्यसरी भ्याट फिर्ताबापत प्राप्त रकम उद्योगीहरुले किसानलाई दिने गर्थे ।

तर, केही उद्योगले सरकारबाट भ्याट फिर्ताबापतको रकम लिने तर किसानलाई भने नदिएपछि सरकारले त्यस्तो प्रबन्ध खारेज गऱ्यो । आर्थिक वर्ष ०७१/७२ मा पहिलोपटक सरकारले प्रतिक्विन्टल २५ रुपैयाँ दिने निर्णय गरेको थियो । त्यो रकम बढ्दै गएर गत वर्षसम्म प्रतिक्विन्टल ७० रुपैयाँ पुगेको थियो । सरकारले कार्यविधि नै निर्माण गरेर २०७५ सालदेखि उत्पादनका आधारमा किसानलाई प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान रकम दिँदै आएको थियो ।

यसरी उखु किसानले उद्योगलाई उखु बेचेबापतको रकम उद्योगीहरूबाट पाउँछन् भने त्यसबापत सरकारबाट अनुदान पनि पाउँदै आएका थिए । गत आर्थिक वर्षका लागि सरकारले उखुको समर्थन मूल्य प्रतिक्विन्टल ५ सय ८५ रुपैयाँ तोकेको छ । सरकारले विगतदेखि नै प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदानसमेत दिँदै आएको सन्दर्भमा किसानले एक क्विन्टल उखुबापत उद्योगबाट ५ सय ८५ रुपैयाँ र सरकारबाट ७० रुपैयाँ अनुदानसमेत गरी जम्मा ६ सय ५५ रुपैयाँ पाउनुपर्ने हो ।

किसानले उद्योगीलाई उखु बेच्दा अनिवार्य रुपमा बैंकमार्फत उद्योगीहरूले भुक्तानी गर्नुपर्छ । त्यसरी कुन किसानले कति परिमाण उखु बिक्री गरेको हो, त्यसको रिसिट उद्योगले किसानलाई प्रदान गर्छ । त्यसका आधारमा सरकारले जिल्ला प्रशासन कार्यालयले किसानको खातामा अनुदानबापतको रकम हालिदिने गरेको थियो । गत आर्थिक वर्ष २०८१/८२ को बजेटमा उखु खेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन गर्न २ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरिएको छ । त्यो रकम ७० रुपैयाँ प्रतिक्विन्टलका दरले अनुदान उपलब्ध गराउनकै लागि विनियोजन भएको हो । तर, कृषि मन्त्रालयले २२ असारमा प्रतिक्विन्टल ३५ रुपैयाँका दरले मात्रै अनुदान उपलब्ध गराउने गरी निर्णय गऱ्यो, जुन कुरा मन्त्रिपरिषद्ले पनि पारित गऱ्यो ।

अर्कातर्फ चालू आर्थिक वर्षको बजेटमा किसानलाई अनुदान उपलब्ध गराउने गरी बजेट नै विनियोजन गरिएको छैन । यसको अर्थ अघिल्लो आर्थिक वर्षका लागि ७० रुपैयाँ अनुदान पाउनुपर्नेमा त्यसको आधा मात्रै पाइने र यो वर्षदेखि अनुदान नै नपाइने अवस्था सृजना भएको छ । सरकारको यो निर्णयको विरोधमा देशभरका किसानहरू अहिले काठमाडौं केन्द्रित आन्दोलनमा आएका हुन् ।

चालू आर्थिक वर्षको बजेटमा उखु किसानलाई दिने अनुदानका लागि बजेट नै विनियोजन नभएको थाहा पाएपछि २८ जेठमा उखु उत्पादक संघसम्बद्ध जिल्लाका एक दर्जन प्रतिनिधिले अर्थमन्त्री विष्णुप्रसाद पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी र उद्योगमन्त्री दामोदर भण्डारीलाई भेटेर ध्यानकर्षण गराएका थिए । तर, मन्त्रीहरूले भने 'पैसा दिन नसकिने' भनेर जवाफ फर्काएका थिए । 'उखु खेतीमा अनुदान दिन नसकिने भएकाले बरु धान, मकै, गहुँ लगायत अन्य खेतीतिर लाग्नू' भनेर मन्त्रीहरूले गैरजिम्मेवार जवाफ दिएका थिए ।

तर, किसान आन्दोलनका संयोजक श्यामबाबु राय उखु उत्पादनमा कुनै नाफा नहुने, सरकारले दिने त्यही ७० रुपैयाँ अनुदानका कारण किसान टिकिरहेको बताउँछन् । सरकारले त्यो रकम पनि काटिदिए पछि किसानहरू विस्थापित हुने उनी बताउँछन् । उखु किसान संघर्ष समितिका संरक्षक राकेश मिश्र अनुदान रकम कटौती हुनासाथ उत्पादन ह्वात्तै घट्ने र परनिर्भरता चुलिँदै जाने बताउँछन् ।

विगतमा उद्योगका र अहिले सरकारको रवैयाका कारण पछिल्ला वर्षहरूमा उखु किसान संख्या र उत्पादन क्षेत्र घट्दै गएको सरकारी तथ्यांकले पनि देखाउँछ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्यांक अनुसार हरेक वर्ष उखु उत्पादन क्षेत्रफल घट्दै गएको छ । आव २०७७/७८ मा ६४ हजार ३ सय ५४ हेक्टर क्षेत्रफलमा उखु खेती हुँदै आएकोमा २०८०/८१ मा जम्मा ६२ हजार २ सय २५ हेक्टरमा खेती सीमित भएको छ ।

किसानको अनुदान सरकारले घटाइदिएपछि चिनी उद्योगीहरू पनि उखु उत्पादक घट्ने कुराले भयभीत छन् । सरकारले अनुदान नदिने हो भने उखु किसान विस्थापित हुने चिनी उत्पादक संघका अध्यक्ष शशिकान्त अग्रवालले बताए । 'भारतले किसानलाई ठूलो अनुदान दिएको छ । त्यसो हुँदा भारतमा सस्तोमा उखु पाइन्छ । नेपालमा सरकारले किसानलाई दिएको त्यही ७० रुपैयाँ अनुदान थियो । त्यो पनि हटाउने हो भने नेपालमा उखु खेती बन्द हुन्छ । भारतबाट उखु तस्करी भएर आएर नेपालको बजार लिन्छ,' उनले भने । हाल नेपालमा १३ वटा चिनी मिल सञ्चालनमा रहेका छन् । नेपालमा १ लाख ८० हजार टन चिनी वार्षिक रुपमा उत्पादन हुन्छ । एक लाख किसानले उखु खेती गरिरहेका छन् ।

### प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अनुदान निकासा

यसैबीच, उखु किसानले गत आर्थिक वर्षमा उखु बिक्री गरेबापत पाउनुपर्ने अनुदान भुक्तानी गर्न सरकारले ७५ करोड ४९ लाख रुपैयाँ निकासा गरेको छ । कृषि मन्त्रालयले गरेको प्रस्तावबमोजिम यो रकम विभिन्न ८ जिल्लाका कोष तथा लेखा नियन्त्रकको कार्यालयमार्फत किसानलाई भुक्तानी गर्ने गरी निकासा गरेको अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेले संचारकर्मीलाई बताए ।

उखु किसानले यसअघि पाउँदै आएबमोजिम प्रतिक्विन्टल ७० रुपैयाँ नै अनुदान पाउनुपर्ने माग राखेर आन्दोलन गरिरहेका छन् । तर, सरकारले प्रतिक्विन्टल ३५ रुपैयाँका दरले अनुदान हिसाब गरेर रकम निकासा गरेको हो । 'अहिले यो रकम निकासा भएको छ । किसानहरूसँग वार्ता भइरहेको छ । त्यसमा केही सहमति भयो भने त्यसै अनुसार हुनेछ,' प्रवक्ता पाण्डेले भने ।

गत आव २०८१/८२ को बजेटमा उखु खेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन गर्न २ अर्ब २५ करोड रुपैयाँ विनियोजन गरिएको थियो । तर, सरकारले स्रोतको अभाव भएको भन्दै किसानलाई दिने भनेर विनियोजन गरेको रकम पनि घटाइदिएको हो । किसानहरूले भने प्रतिक्विन्टल ७० रुपैयाँका दरले १ अर्ब ५१ करोड रुपैयाँ भुक्तानी हुनुपर्ने माग गरिरहेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# 'अभिमन्यु'को भोजपुरी गीतलाई दर्शकीय प्रतिक्रिया: 'छाडा छैन, रमाइलो छ'



काठमाडौं/यही भदौ २७ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'अभिमन्यु'को भोजपुरी फ्लेवरको 'लड्की गोरी' गीत यतिबेला चर्चामा छ । युट्युब रिलिजको ११ दिनमा ११ लाख बढी भ्यूज पाइसकेको गीतलाई प्रतिक्रिया पनि उत्साहजनक मिलेको छ । भोजपुरी शैलीका गीत छाडा हुन्छन् भन्ने भाष्यलाई यो गीतले चिर्न सफल भएको प्रतिक्रिया दर्शकहरूले दिएका छन् ।

गीत हेरेपछि तृष्णा घतानी नामका युट्युब प्रयोगकर्ता कमेन्टमा लेख्छन्, 'म खासै भोजपुरी गीत सुन्दिनँ । तर, यो अलि 'रिफ्रेसिङ' रहेछ । मजा आयो । प्रेरणा सिंह र प्रशान्त सिवाकोटीको आवाज साह्रै मिठो । किरण श्रेष्ठको डान्स राम्रो ।' त्यस्तै, अर्का युट्युब प्रयोगकर्ता जीवन मल्ल लेख्छन्, 'यो डान्स र अडियो बबाल छ । 'निड मोर एप्रिसिएसन' । छाडा छैन, रमाइलो छ ।'

'लड्की गोरी' गीतमा लवज भोजपुरी भए पनि भाषा नेपाली नै प्रयोग गरिएको छ । भिडियो भने टिपिकल भोजपुरीमा छ । बजारमा आइरहेका भन्दा विल्कुलै फरक रहेकाले पनि गीतलाई दर्शकले मन पराएको देखिन्छ । कतिपयले यो गीतले गर्दा तराईबासी पनि फिल्ममा जोडिन सक्ने सम्भावना औंल्याएका छन् । दर्शकबाट प्राप्त यस्ता प्रतिक्रियाले निर्माण टिमलाई उत्साहित बनाएको छ ।

उक्त गीतमा शब्द, संगीत र स्वर प्रशान्त सिवाकोटी र प्रेरणा सिंहको रहेको छ । रोहन विश्वकर्माको कोरियोग्राफी रहेको गीतको भिडियोमा जुना सुन्दास र किरण श्रेष्ठको आकर्षक नृत्य देख्न सकिन्छ । तराईको पात्र र कथामा आधारित भएर फिल्म बनेकाले त्यही क्षेत्रमा प्रचलनमा रहेको भोजपुरी शैलीको गीत तयार पारिएको निर्माण पक्षले जनाएको छ ।

सुशान्त गौतमको निर्देशनमा बनेको फिल्ममा किरण सहित लक्ष्मी बर्देवा, कामेश्वर चौरासिया, सरिता गिरी, गौमाया गुरुङ, शिशिर वाङ्देल, सुष्मा निरौला लगायतको अभिनय रहेको छ । मुकेश खनालको लेखन रहेको फिल्मका निर्माता विनोद पौडेल र गुञ्जन गिरी हुन् । 'अभिमन्यु'मा शरह महतोको छायांकन, मनोज श्रेष्ठको भिएफएक्स तथा मदन घिमिरेको सम्पादन रहेको छ ।

# तीज विदामा 'माग्ने राजा'को व्यापारमा उछाल, 'जनै हराएको मान्छे'को कस्तो छ ?



काठमाडौं/गत शुक्रबार बाट प्रदर्शनमा आएका तीन फिल्ममध्ये 'माग्ने राजा' र 'जनै हराएको मान्छे'ले तीज विदाको राम्रो सदुपयोग गरेका छन् । मंगलबार देशभर दुवै फिल्मको उत्साहप्रद व्यापार देखिएको छ । अझ आक्रामक 'माग्ने राजा' देखिन्छ । दिउँसो २ बजेपछि काठमाडौं सहित नेपालगञ्ज, दाङ, पोखरा, चितवन, धरान, बुटवललगायतका सहरमा फिल्मको अकुपेन्सी ८० प्रतिशत नाघेको छ ।

मंगलबार देशभरका हलमा 'माग्ने राजा'को क्रेज हेर्दा फिल्मले प्रदर्शनयताकै सबैभन्दा ठूलो व्यापार गर्ने देखिन्छ । सम्भवत: यो फिल्मले मंगलबार १ करोडमाथि व्यापार गर्न सक्नेछन् । साँझ ६ बजेपछि हलमा दर्शकको चाप अझ बढ्ने अपेक्षा निर्माण टिमको छ । गत शनिबार पनि फिल्मले उत्साहजनक व्यापार गरेको थियो । आइतबार र सोमबार भने व्यापार अपेक्षा अनुरूप हुन सकेन ।

तीज विदामा फिल्मले देशभर उत्साहजनक व्यापार गरेपछि बिहानैदेखि कलाकार केदार घिमिरे (माग्ने बुढा) काठमाडौंमा विभिन्न हलमा पुगेर दर्शकसँग भेट गरिरहेका छन् । उनी दिउँसो चाबहिलस्थित एफक्यूब हलमा पुग्दा रातो साडी र कुर्थामा सजिएका महिलाहरूको उपस्थिति उल्लेख्य देखिएको थियो । त्यहाँ उनले तीजको शुभकामना दिँदै फिल्म हेरिदिएकोमा आभार व्यक्त गरे ।

'माग्ने राजा'सँगै तीज विदामा 'जनै हराएको मान्छे'को व्यापारमा पनि उल्लेख्य सुधार देखिएको छ । काठमाडौं, पोखरा, नेपालगञ्ज लगायतका सहरका हलमा फिल्म हेर्ने दर्शकको उत्साहजनक उपस्थिति रहेको निर्माण पक्षले जनाएको छ । हलमा परिवारसहित दर्शकहरू आइरहेको निर्देशक हिमाल न्यौपानेले जानकारी दिए । फिल्मलाई प्रतिक्रिया पनि उत्कृष्ट मिलिरहेको उनको भनाइ छ ।

ऋषि लामिछानेको निर्देशनमा बनेको 'माग्ने राजा'मा केदारसहित वर्षा सिवाकोटी, विल्सन विक्रम राई, शिशिर वाङ्देल, सारदा गिरी लगायतको अभिनय रहेको छ भने 'जनै हराएको मान्छे'मा विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरव पहारी, शुशांक मैनाली लगायतले अभिनय गरेका छन् । फरक विधा र स्वादका यी दुवै फिल्मको विषयवस्तुलाई दर्शकहरूले रूचाएको देखिन्छ ।

# काठमाडौं जिल्ला अदालतलाई तीन भागमा टुक्र्याउने तयारी

काठमाडौं/थेग्नै नसकिने मुद्दाको बोझ र सेवाग्राहीको अत्यधिक भिडले अस्तव्यस्त बनेको काठमाडौं जिल्ला अदालतलाई तीन भागमा विभाजित गर्ने तयारी भएको छ । सर्वोच्च अदालतले गठन गरेको अध्ययन समितिले बबरमहलस्थित अहिलेको जिल्ला अदालतलाई यथावत् राखी त्यसको कार्यबोझ घट्ने गरी अरू दुईवटा अदालत स्थापना गर्नुपर्ने प्रस्ताव गरेको हो ।

अध्ययन समितिको प्रस्ताव अनुमोदन भएमा अहिलेको काठमाडौं जिल्ला अदालतलाई मुल अदालत भनिनेछ भने अब गठन हुने दुई अदालतलाई मुकाम क र ख को नाम जोडेर सम्बोधन हुनेछ । काठमाडौं जिल्ला अदालतको बढ्दो कार्यबोझ अध्ययन गर्न कात्तिक, २०८० मा सर्वोच्च अदालतका न्यायाधीश डा. नहकुल सुवेदीको संयोजकत्वमा समिति गठन भएको थियो । उक्त समितिले हालको काठमाडौं जिल्ला अदालतको एउटा भवन र संरचनाबाट छिटोछरितो न्यायसम्पादन हुन नसक्ने निष्कर्ष निकाल्दै विकल्पहरूको सुझाव दिएको हो ।

'जतिसुकै व्यवस्थापकीय सुधार, सूचना प्रविधिको प्रयोग र छिटपुट भौतिक संरचना निर्माण वा प्राप्ति गरे पनि चाप उच्चतम विन्दुमा पुगी धान्नै नसकिने अवस्था आएको छ,' अध्ययन समितिले प्रतिवेदनमार्फत भनेको छ, 'अन्तिम विकल्पको रूपमा काठमाडौं जिल्लामा एकभन्दा बढी अदालत वा मुकाम खडा गर्नुपर्ने देखियो ।' गत बुधबार सर्वोच्च अदालतका सबै न्यायाधीश सम्मिलित हुने पूर्ण बैठक (फुल कोर्ट)मा काठमाडौं जिल्ला अदालतमा भएको मुद्दाको बोझ र त्यसको विकल्पबारे अध्ययन समितिको प्रतिवेदनमाथि छलफल भएको थियो ।

'छलफलपछि सबै न्यायाधीशले प्रतिवेदनको अध्ययन गर्ने र त्यसका आधारमा सुझाव दिने निष्कर्ष निकालिएको छ,' सर्वोच्च अदालतका एक न्यायाधीशले संचारकर्मीसँग भने, 'आगामी बुधबार (११ भदौ)को फुल कोर्ट बैठकमा प्रतिवेदनबारे छलफल गरेर त्यससम्बन्धी केही निर्णय गर्ने तयारी छ ।' अध्ययन समितिले काठमाडौं जिल्ला अदालतलाई तीन भागमा विभाजित गर्ने प्रस्ताव गरेको छ । प्रस्तावअनुसार अहिलेको मुल काठमाडौं जिल्ला अदालतले काठमाडौं महानगरपालिकाका १९ वटा वडा हेर्नेछ ।

अध्ययन समितिले तयार पारेको खाकाअनुसार, काठमाडौं महानगरपालिकाका १, २, ५, ९, १०, ११, १२, १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २७, २८, २९, ३०, ३१ र ३२ नम्बर वडाको क्षेत्राधिकार हुने मुद्दा मुल भवनमा रहने काठमाडौं जिल्ला अदालतले हेर्नेछ । समितिले 'ती वडाको आधारमा क्षेत्राधिकार तयार गर्नुपर्ने' भनी सुझाव दिएको हो ।

अब गठन हुने काठमाडौं जिल्ला अदालतको मुकाम 'क'ले काठमाडौं महानगरपालिकाका ३, ४, ६, ७ र ८ गरी पाँचवटा वडा हेर्नेछ । त्यसबाहेक टोखा, बुढानीलकण्ठ, शंखरापुर, कागेश्वरी मनोहरा, गोकर्णेश्वर नगरपालिकाका मुद्दाहरू पनि 'क' मुकाम अदालतले हेर्नुपर्ने प्रस्ताव छ । समितिको प्रतिवेदनमा भनिएको छ, 'अदालत स्थापनाका लागि मुल भवन नजिकै पर्नेगरी भौतिक संरचना र कर्मचारी व्यवस्थापन गर्ने ।'

मुकाम 'ख'मा काठमाडौं महानगरपालिकाका १३, १४, १५, १६ र २६ गरी पाँचवटा वडा पर्नेछन् । त्यसबाहेक तारकेश्वर, चन्द्रागिरि, कीर्तिपुर र दक्षिणकाली नगरपालिका पनि 'ख' मुकाम अदालतमा पर्नेछ ।

१९६२ सालमा नेपालमा भारदारी अदालत स्थापना भएपछि अहिलेको काठमाडौं जिल्ला अदालतको सुरुवाती संरचना अस्तित्वमा आएको थियो । १९६३ सालमा काठमाडौं उपत्यकाभित्र अस्तित्वमा रहेका अदालतहरू राजधानी काठमाडौं फौजदारी अदालत, राजधानी काठमाडौं देवानी अदालत, टक्सार र धन्सारलाई गाभेर डिल्लीबजारमा अदालत स्थापना गरिएको थियो ।

चारवटा इजलास एकै ठाउँमा सारिएकाले हाल डिल्लीबजारको मालपोत कार्यालय रहेको ठाउँलाई चारखाल अड्डा भन्ने प्रचलनको सुरुवात भएको थियो । ७ फागुन, २०२१ मा त्यही अदालतलाई काठमाडौं जिल्ला अदालतमा रुपान्तरण गरियो । २०५६ सालमा तत्कालीन महालेखा नियन्त्रणको कार्यालयको भवनमा सारिएको थियो । त्यो भवन निकै पुरानो भएपछि बबरमहलमै हालको अत्याधुनिक भवन बनाई मंसिर, २०७० मा सारिएको थियो ।

### किन यस्तो प्रस्ताव ?

४३ जना न्यायाधीश र ३२७ जना कर्मचारीको स्थायी दरबन्दी रहेको काठमाडौं जिल्ला अदालतमा उपसचिव स्तरका श्रेस्तेदार कार्यालय प्रमुखको रूपमा कार्यरत छन् । गत आर्थिक वर्षको असार मसान्तसम्म काठमाडौं जिल्ला अदालतमा करिब ५० हजार मुद्दा थिए । तीमध्ये साढे २३ हजार मुद्दा फैसला भएर साढे २६ हजार मुद्दा बाँकी थिए । अध्ययन अनुसार दुई वर्ष अघिसम्म काठमाडौं जिल्ला अदालतमा ४ लाख १० हजार मुद्दाका मिसिल (फाइल) थिए । अध्ययन समितिले 'बढ्दो कार्यचाप, न्यायाधीश एवं कर्मचारीको व्यवस्थापन, सेवाग्राहीको व्यवस्थापन समेतका आधारमा अहिलेकै अवस्थामा काठमाडौं जिल्ला अदालतले गुणस्तरीय सेवा प्रवाह गर्न अत्यन्त कठिन हुने' निष्कर्ष निकालेको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# त्रिविबाट हुँदै आएको समकक्षता अब विश्वविद्यालय अनुदान आयोगबाट

काठमाडौं/गत फागुनमा भारतको उडिसा राज्यको भुवनेश्वर स्थित केआईटीमा नेपाली विद्यार्थी प्रकृति लम्सालको रहस्यमय मृत्युपछि केही विद्यार्थीले नेपालमा पढ्न चाहेका थिए । त्रिभुवन विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयले केआईआईटीमा भएको समस्याको कारण नेपाल फर्किन बाध्य नेपाली विद्यार्थीलाई भर्ना गर्न सकिने सूचना पनि जारी गरेका थिए । तर, कानुनी समस्या आएको थियो ।

अब विदेशको कुनै विश्वविद्यालयमा पढिरहेको विद्यार्थीले नेपालमा पढ्न चाहेमा क्रेडिट आवार ट्रान्सफर हुने कानुनी बाटो खुलेको छ । 'पहिले क्रेडिट आवर ट्रान्सफर सम्बन्धी स्पष्ट नीति थिएन । विश्वविद्यालयहरूले आफ्नो हिसाबले गरेका थिए । अब कानुनमा नै क्रेडिट ट्रान्सफर हुने व्यवस्था आएको छ,' विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा.डा. देवराज अधिकारीले भने ।

### क्रेडिट ट्रान्सफर र क्यूएए आयोगबाट

केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०८२ ले विश्वविद्यालय अनुदान आयोगको ऐन २०५० लाई संशोधन गरेर क्रेडिट ट्रान्सफर गर्न मिल्ने नियम बनाएको हो । 'विश्वविद्यालयबीच क्रेडिट ट्रान्सफरको सम्बन्धमा निर्देशिका बनाइ आवश्यक व्यवस्था गर्ने,' संशोधन गरिएको ऐनमा भनिएको छ ।

आयोग अध्यक्ष अधिकारीका अनुसार विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (क्यूएए) सम्बन्धी कार्य गर्ने अधिकार पनि आयोगलाई दिइएको छ । 'विश्वविद्यालयको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कार्य गर्ने,' आयोगको संशोधित ऐनमा छ । यो नियमलाई कार्यान्वयन गर्न विश्विद्यालय अनुदान आयोगले कार्यविधि बनाइरहेको छ । 'अहिले कार्यविधि बनाउँदै छौं । कार्यविधिमा सबै स्पष्ट रूपमा आउँछ,' अध्यक्ष अधिकारीले भने ।

यसअघि पनि विश्वविद्यालयहरूले क्रेडिट ट्रान्सफर र आयोगले क्यूएएको काम गरे पनि कानुन अस्पष्ट थियो । ऐन संशोधन भएपछि सहज भएको अध्यक्ष अधिकारीले बताए । 'क्यूएएको काम पहिले पनि भएको थियो तर ऐनमा हेर्ने मात्र भनिएको थियो । कतिपय विश्वविद्यालय र क्याम्पसले नमान्ने थियो । अहिले ऐनमै प्रष्ट बनाइएको छ । अब अनिवार्य क्यूएए बनाउन सकिने भइयो,' अधिकारीले भने ।

### क्रेडिट बैंकको स्थापना

ऐन संशोधन भएपछि विश्वविद्यालय अनुदान आयोगले क्रेडिट बैंकको समेत स्थापना गर्ने भएको छ । विद्यार्थीले बीचमा पढाइ छोडेमा उसको क्रेडिट भने बैंकमा राखिने छ । केही वर्षपछि फर्किएर पढ्न आएमा उसको क्रेडिट आवर गणना हुने अध्यक्ष अधिकारीले बताए ।

'कतिपय विद्यार्थीले पढ्दा पढ्दै छोड्नु पर्ने हुन्छ । पढेको अवधिको हाजिरदेखि सबै क्रेडिट बैंकमा राखिन्छ । फर्केर पढ्न आएपछि क्रेडिट बैंकमा राखिएको पनि गणना गरिन्छ,' अध्यक्ष अधिकारीले भने, 'यसका लागि स्पष्ट पार्न निर्देशिका बनाउने काम भइरहेको छ ।'

### समकक्षता पनि अब आयोगबाट

त्रिभुवन विश्वविद्यालयबाट हुँदै आएको समकक्षता अब विश्वविद्यालय अनुदान आयोगबाट हुने भएको छ । विदेशी विश्वविद्यालय वा सो सरहको शैक्षिक संस्थाबाट प्रदान हुने शैक्षिक उपाधिको समकक्षता निर्धारण त्रिविको शिक्षाध्यक्षको कार्यालय अन्तर्गतको पाठ्यक्रम विकास केन्द्रबाट हुने गरेको थियो । अब १ साउन २०८३ देखि अनुदान आयोगबाट हुने अध्यक्ष प्रा.डा. देवराज अधिकारीले बताए । 'नेपालमा धेरै वटा स्वायत्त विश्वविद्यालयहरू छन् । एउटाले मात्र समकक्षता गर्दा असजिलो भयो ।

# भुवन केसीको दाबी : 'समीरले नेपोटिज्मको बहस नै हटाइदियो'

काठमाडौं/नेपाली फिल्म क्षेत्रमा 'नेपोटिज्म'को बहस बेला बखतमा उग्र हुने गरेको छ । जब जब यो बहस सुरू हुन्छ, तब त्योसँगै जोडिएर एउटा नाम अनिवार्य रूपमा आउँछ, अनमोल केसीको । अभिनेता भुवन केसीको छोरा भएकै कारण उनले 'नेपोटिज्म'को आरोप सहनुपरेको छ । यद्यपि, यो विषयमा उनी मौन रहँदै आएका छन् । भुवनले भने 'नेपोटिज्म'बारे आफ्नो धारणा राखिरहेका हुन्छन् ।

सोमबार काठमाडौंमा आयोजना गरिएको फिल्म 'जेरी अन टप'को टिजर सार्वजनिक कार्यक्रममा पनि उनले 'नेपोटिज्म'को प्रसंग निकाले । अभिनेता विराज भट्टका छोरा समीर भट्टबारे पत्रकारले सोधेको प्रश्नपछि उनले उक्त प्रसंग निकालेका थिए । उनले समीरलाई आफूले छोरा जस्तै सोच्ने गरेको बताउँदै फिल्म क्षेत्रमा 'नेपोटिज्म'को बहस समीरले बन्द गरिदिएकोमा खुसी व्यक्त गरे । भुवनले भने, 'फिल्म क्षेत्रमा अरू पनि कलाकारका सन्तान छन् । तर, अनमोल इन्डस्ट्रीमा आउने वितिक्कै 'नेपोटिज्म'को अरोप सहनुपऱ्यो । उसलाई 'नेपोटिज्म' भनियो । जब समीर आयो, तब उसले 'नेपोटिज्म'को बहस नै हटाइदियो । त्यो कुराले म खुसी छु ।' उनले 'नेपोटिज्म' भन्ने नै नहुने जिकिर गर्दै कलाकारका सन्तानहरू कलाकारितामा आउँदा प्रोत्साहन गर्नुपर्ने धारणा व्यक्त गरे । भुवनले 'जेरी अन टप'मा अनमोलकै पिताको भूमिकामा अभिनय गरेका छन् । उनी यो फिल्ममा आफूलाई अनमोलले हराइदिएको दाबी गर्छन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राक्सीराङमा उपहारको घर लिन ४ जनाको दाबी

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ मकवानपुरको विकट राक्सीराङ गाउँपालिकामा ४ जनाले जग्गा किनेर बसाइँसराइको प्रमाणसहित घरदाबी गरेका छन् ।

पालिकाले आव २०८१/८२ देखि पालिकामा बसाइँसराइ गरी आउनेलाई दुईकोठे घर निर्माण गरिदिने निर्णय गरेको भएपनि पहिलो वर्ष नतिजा शून्य रह्यो । हाल भने गाउँमा बसाइँ सराइ गरी आउने धादिङका ४ जनाले जग्गा किनेर बसाइँसराइको प्रमाणसहित घरदाबी गरेकाले पालिकाको करिब ५ लाख रुपैयाँको सहयोगमा हाल घर बनिरहेका छन् । सडकले छोएको कम्तिमा २ कठ्ठा जग्गा, वडाको सिफारिस, बैंक खाता खोलेको प्रमाण आदि पेस गरेमा पालिकाले 'सुन्दर समाज हाम्रो सार, बसाइँ सरी आउनेलाई घर उपहार' कार्यक्रमअन्तर्गत घर बनाउन नगद अनुदान दिने गरेको छ ।



दुर्गमक्षेत्रमा जति विकास भएपनि सुविधा छैन भन्ने मानसिकताले पनि बसाइँसराइ हुने गरेको जिकिर गर्दै पालिका अध्यक्ष राजकुमार मल्लले भने-'विगतमा सिटामोलसम्म नपाइने पालिकामा अस्पताल बनेको छ । वडामा स्वास्थ्यचौकी छन् । मावि तहसम्म पढाइ हुन्छ भने पालिकामा बाटोघाटो निर्माणका साथै खानेपानी सुविधा पुगेको छ । प्राय: सबै वडामा बिजुली पुगेको छ । तर, गाउँपालिका भन्नेबित्तिकै दुर्गम गाउँपालिका सोच्ने गलत परिपाटीका कारण बसाइँ सरेर आउनेको संख्या कम छ ।' उनले यसैकारण पालिकाले बसाइँ सरेर आउनेलाई घर उपहार दिने सम्बन्धमा बैठक बसेर सूचनाको म्याद थप्दै आएको जानकारी पनि दिए ।

मकवानपुरको पश्चिमोत्तर साबिक ४ गाविस राक्सिराङ, काँकडा, खैराङ र सरिखेत मिलाएर २०७३ फागुन २७ को सरकारको निर्णयले राक्सिराङ गाउँपालिका गठन भएको हो । राष्ट्रिय जनगणना, २०७८ अनुसार पालिकाको जनसंख्या २५ हजार ९ सय ९६ जना छ भने पालिकाले २०७५ मा गरेको घरधुरी सर्वेक्षणअनुसार पालिकामा ३० हजार ८ सय ३० जना थिए । यसको कुल क्षेत्रफल २२६.७ वर्गकिमि र जनघनत्व १३५.७२ व्यक्ति प्रतिवर्गकिमि छ । ९ वटा वडा रहेको पालिकामा तामाङ समुदाय ४६.२५ प्रतिशत, चेपाङ समुदाय ४३.९६ प्रतिशत, क्षेत्री समुदाय २.७५ प्रतिशत, दलित समुदाय २.३८ प्रतिशत, मगर समुदाय १.५० प्रतिशत, नेवार समुदाय ०.५६ प्रतिशत र ब्राह्मण समुदाय ०.०६ प्रतिशत बसोबास गर्छन् ।

हरेकवर्ष करिब १ सय ८५ जनाभन्दा धेरै बसाइँ सरेर जाने गरेको पालिकाकै तथ्यांक छ । गाउँ खाली हुँदै जाने यो अवस्थालाई रोक्न पालिकाले अन्यत्रबाट बसाइँ सरी आउनेलाई 'घर उपहार' दिने योजना बनाएको हो । सबै जनता सहरमुखी हुनुका साथै सुविधा खोज्ने बहानामा सुगमक्षेत्रमा बसाइँ सरी जानेको संख्या बढ्दै गएपछि पालिकाले गाउँसभाबाट यस्तो नीति बनाएको हो ।

# हेटौंडा सिमेन्ट उद्योगको उत्पादन पुन: सुरु




साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/लामो अन्तरालपछि हेटौंडा सिमेन्ट उद्योगले सोमबारबाट पुन: उत्पादन सुरु गरेको छ । उद्योगका मेसिनहरुको मर्मतसम्भार सम्पन्न भएपछि उत्पादन थालिएको उद्योगका निमित्त महाप्रबन्धक इञ्जिनियर रामबाबु साहले जानकारी दिए ।

साहका अनुसार मेसिनमा देखापरेका प्राविधिक समस्या समाधान भइसकेको छ । कोइला आपूर्ति व्यवस्थापनसँगै उत्पादन फेरि धारामा आएको छ,' उनले भने, 'उत्पादन क्रमबद्धरुपमा अघि बढाइने छ ।' गत वैशाखदेखि मेसिनमा समस्या देखिएसँगै उद्योग बन्द रहेको थियो । त्यसअघि, वैशाखको दोस्रो सातादेखि सञ्चालनमा आएको उद्योगले छोटो अवधिमा करिब एक लाख बोरा सिमेन्ट उत्पादन गरेको थियो । तर, पुन: देखापरेका प्राविधिक चुनौतीका कारण उत्पादन रोकिन पुगेको थियो ।

वि.सं. २०३३ मा मकवानपुरको लामसुरेमा स्थापना भएको हेटौंडा सिमेन्ट उद्योगले २०४३ सालदेखि व्यावसायिक उत्पादन थालेको हो । स्थापना कालदेखि नै राष्ट्रिय पूर्वाधार निर्माण र निजी आवास निर्माणमा योगदान पुऱ्याउँदै आएको यस उद्योगले पछिल्ला वर्षमा प्राविधिक तथा आर्थिक दबाब झेल्दै आएको छ । उद्योगका निमित्त महाप्रबन्धक साहका अनुसार, पुरानो प्रविधि र उपकरण, बजारको अभाव, मूल्य समायोजन हुन नसक्नु, दर बन्दीअनुसार कर्मचारी अभाव तथा प्रतिस्पर्धात्मक बजारको दबाबजस्ता कारणले उद्योग निरन्तर सञ्चालनमा कठिनाइ भएको छ ।

उद्योगसँग कच्चापदार्थका स्रोतकारुपमा धादिङको जोगीमारा र मकवानपुरको ओखरे, मजुवा तथा भैंसे गरी चार स्थानमा चुनढुङ्गा खानी रहेका छन् । यी खानीको उपयोग क्षमता रहेपनि आवश्यक आधुनिक प्रविधि, नियमित मर्मत र आपूर्तिगत स्थिरता अभावले उत्पादन लागत बढ्ने र प्रतिस्पर्धामा कमजोर देखिने समस्या कायम रहेको उद्योगको भनाइ छ । 'पुरानो मेसिनरी र लागत व्यवस्थापनले चुनौती थपेको छ । बजारमूल्य यथार्थपरक समायोजन भए उद्योगको स्थायित्वमा सहयोग पुग्नेछ,' साहले भने ।

हेटौँडा सिमेन्ट उद्योगले पछिल्ला वर्षहरुमा उत्पादन-स्थगन-पुन:उत्पादनको क्रम भोग्दै आएको छ । यसपटकको पुन: सञ्चालनसँगै उद्योगले नियमित मर्मत तालिका कार्यान्वयन, कोइला तथा अन्य कच्चा पदार्थको स्थिर आपूर्ति र बजार अभिमुख योजना लागू गर्न सकेमा उत्पादनको निरन्तरता सम्भव हुने अपेक्षा गरिएको छ । उद्योग पक्षले आवश्यक सहयोगका लागि सम्बद्ध सरोकारवाला निकाय र बजार सहभागीसँग सहकार्य गर्ने तयारी रहेको जनाएको छ ।

# राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ नेपाल मकवानपुरद्वारा हेल्थ डेस्क संचालन



साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ नेपाल मकवानपुरले हरितालिका तीजको अवसरमा मंगलबार हेटौंडा-४ स्थित पशुपति मन्दिर परिसरमा हेल्थ डेस्क संचालन गरेको छ ।

तीजको ब्रत बसेर पूजाआजा गर्ने महिला दिदीबहिनीलाई लक्षित गरी राखिएको हेल्थ डेस्कमा नि:शुल्क स्वास्थ्य परीक्षण र औषधि वितरण सेवाप्रदान गरिएको हो । बिहान ७:३० बजेबाट सुरुभई दिउँसो २ बजेसम्म निरन्तर संचालन गरिएको हेल्थ डेस्कमा सुगर परीक्षण, रक्तचाप (प्रेसर) जाँच, आवश्यकता अनुसार नि:शुल्क औषधि वितरण गरिएको थियो । ब्रतको दिन खालीपेट बस्दा हुने स्वास्थ्य समस्या र असहजतालाई मध्यनजर गर्दै महासंघले हेल्थ डेस्क संचालन गरेको हो । कार्यक्रममा २६७ जनाले सेवा लिएको महासंघले जनाएको छ ।

राष्ट्रिय स्वास्थ्यकर्मी महासंघ मकवानपुरका अध्यक्ष उत्सब चौलागाईंले तीजको अवसरमा विशेष गरी ब्रतबस्ने महिलाको स्वास्थ्यलाई ध्यानमा राख्दै हरेकवर्ष यस्तो हेल्थ डेस्क सञ्चालन गर्दै आएको बताए । हेल्थ डेस्कमा बागमती प्रदेश सचिव सुशिल आचार्य, जिल्ला उपाध्यक्ष लक्ष्मी पौडेल र सानी मोक्तान, हेटौंडा नगरअध्यक्ष कुसुम श्रेष्ठलगायत अन्य स्वास्थ्यकर्मीको सक्रिय सहभागिता रहेको थियो ।

# गुणस्तरीय स्वास्थ्य सेवाप्रवाहमा प्रदेश सरकार प्रतिबद्ध: किरण थापा

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले बुढानीलकण्ठ नगर अस्पताललाई थप गुणस्तरीय र दिगो स्वास्थ्य सेवाको केन्द्र बनाउन प्रदेश सरकार पूर्णरुपमा सहयोगी रहने प्रतिबद्धता जनाएका छन् ।



बुढानीलकण्ठ नगर अस्पतालमा मंगलबार भएको समसामयिक छलफल कार्यक्रममा मन्त्री थापाले अस्पतालले भोगिरहेको सेवाप्रवाहका चुनौती, पूर्वाधार अभाव र जनशक्ति कमीलाई समाधान गर्न ठोस कार्ययोजना बनाउन आवश्यक रहेको बताए । अस्पतालको निरीक्षण पछि भएको छलफलमा मन्त्री थापाले अस्पतालको सुदृढीकरणको लागि सक्दो सहयोग गर्ने बताए । 'नगरवासीलाई स्वास्थ्यउपचारका लागि अन्यत्र धाउनुपर्ने अवस्था अन्त्य गर्न प्रदेश सरकार यहाँको अस्पताल सुदृढीकरणमा अग्रसर हुन्छ,' मन्त्री थापाले भने ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी तथा सरोकारवाला निकायका प्रतिनिधिको उल्लेखनीय सहभागिता रहेको थियो । छलफलमा अस्पताल सुधार, जनशक्ति व्यवस्थापन र आधारभूत पूर्वाधार विस्तारका विषयमा सुझाव र प्रस्ताव प्रस्तुत भएका थिए । संवादले अस्पताल सुधार र दिगो स्वास्थ्य सेवाका लागि ठोस कार्ययोजना बनाउन आवश्यक आधार तय गरेको आयोजकले जनाएको छ ।

# त्रिखण्डी मन्दिरमा वृक्षरोपण, सरसफाइमा वाईसियल

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/नेकपा (माओवादी केन्द्र)को सहायक संगठनको रुपमा रहेको भीमफेदी गाउँपालिका कार्यसमितिले भीमफेदी-१ त्रिखण्डी मन्दिर र पार्कमा वृक्षरोपण तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिएको छ ।



साउन १ गतेदेखि सुरु भएको दुई महिनासम्म चल्ने वाइसियलको कार्यक्रम भीमफेदी गाउँपालिका समितिले मंगलबार दोश्रोपटक गरेको हो । वाइसियलको केन्द्रीय कार्यक्रम 'श्रम तथा उत्पादनमा वाइसिएल' अभियानअन्तर्गत वाइसिएल भीमफेदी गाउँपालिकाले भीमफेदी-१ त्रिखण्डी मन्दिर र पार्कमा वृक्षरोपण तथा सरसफाई सम्पन्न गरेको हो ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र) केन्द्रीय सदस्य एवम् बागमती प्रदेशसभा सदस्य कुमारी मोक्तान, नेकपा (माओवादी केन्द्र) बागमति प्रदेश सदस्यहरु ललितबहादुर घलान, बिबेक राई, बालकुमार मल्ल, सुमन पाखिन, भीमफेदी गाउँपालिका समिति अध्यक्ष बद्रीबहादुर स्याङ्तान, वाइसियल नेपाल केन्द्रीय सदस्य एवम् मकवानपुर इन्चार्ज कमल अर्याल लगायतको आतिथ्यता रहेको थियो ।

# थाहा नगरमा प्लम्बिङ प्राविधिक प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ मकवानपुरको थाहा नगरपालिकामा प्लम्बिङ प्राविधिक प्रशिक्षण २०२५ सम्पन्न भएको छ ।

प्लास्टिकको पाईप तथा ट्याङ्की उत्पादक कम्पनी रिजालको र स्यानिटरी सामान उत्पादक कम्पनी एबि पर्लसको आयोजना र कार्की ब्रदर्स ट्रेडर्सको सहकार्यमा भएको कार्यक्रममा थाहा नगरका २० जना प्लम्बिङ प्राविधिकको सहभागिता रहेको थियो ।

प्रशिक्षण कार्यक्रममा हाल विकसित पाईप तथा स्यानिटरी सामानको बारेमा रिजालको नेपाल कम्पनीका राष्ट्रिय बजार प्रमुख श्रावण कुमार झा, एबि पर्लसका मेनेजिङ डाईरेक्टर प्रदिप अधिकारी, राष्ट्रिय सेल्स मेनेजर अनुष भट्ट, एरिया सेल्स मेनेजर सुरज खनालले जानकारी गराएका थिए ।

कार्यक्रम थाहानगर उद्योग बाणिज्य संघका अध्यक्ष पुरुषोत्तम ढकालको प्रमुख आतिथ्यतामा भएको कार्यक्रमको सञ्चालन कमल बिष्टले गरेका थिए । कार्की ब्रदर्स ट्रेडसका संचालक अजय कार्की र बिजय कार्कीले कार्यक्रममा सहभागीहरुलाई धन्यवाद व्यक्त गर्दै कम्पनी र आफ्नो तर्फबाट गर्न सकिने विभिन्न अफरको बारेमा जानकारी गराएको थिए ।

यसैगरी कार्की ब्रदर ट्रेडर्सले आृनो तेस्रो स्थापना दिवस एवम् दशैं तिहारको उपलक्ष्यमा बम्पर अफर सार्वजनिक गरेको छ । अफर अन्तरगत भदौ १३ गते देखि कात्तिक ५ गतेसम्म ३ हजार ३ सय ३३ रुपैया बराबारको सामान खरिद गर्ने ग्राहकहरुलाई १ कुपन प्रदान गर्ने र लक्की ड्र मार्फत उपहार दिने सञ्चालक अजय कार्कीले बताए । उनका अनुसार एक जनालाई १९० लिटरको फ्रिज, एक जनालाई टेवल डिस्पेन्सर, एक जनालाई स्ट्याण्ड फाईन (पंखा) र ५ जनालाई आईरन प्रदान गरिनेछ ।

थाहा नगरपालिका ३ थानाबजार नेपाल बैंक अगाडि रहेको कार्की ब्रदर ट्रेडर्सले निर्माण सामग्री सहितका हार्डवयरका सामग्रीहरुको बिक्री बितरण गर्दै आईरहेको छ ।


सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



झाडापखाला तथा हैजा रोगसम्बन्धी सतर्कताका लागी

जनहितमा जारी सूचना !

हालका दिनमा देशका विभिन्न स्थान लगायत मकवानपुर जिल्लाको छिमेकी जिल्ला, मधेश प्रदेशको पर्सा जिल्लाको विरगंज महानगरपालिका क्षेत्रमा फैलिएको खानेपानी जन्य रोग झाडापखाला हैजाको महामारीको रुपमा फैलिएको अवस्था सार्वजानिक संचार माध्यम मार्फत सम्प्रेषित भैरहेको र उक्त क्षेत्र यस पालिकासँग सीमाना जोडिएको कारण यस क्षेत्रमा समेत उक्त रोगको माहामारी फैलिन सक्ने प्रवल सम्भावना देखिएकोले रोग फैलिन सक्ने जोखिम कम गर्न देहाय अनुसार सर्तकता अपनाउन र बिबिध माध्यमवाट जनचेतना अभिवृद्दि गर्न, गराउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

तपसिल

- सरोकारवालाले खानेपानीका मूल श्रोत क्षेत्रको सरसफाइ नियमित र प्रभाबकारी ढंगले गर्ने गराउने । खानेपानी भण्डार र प्रसारण, वितरण गर्ने क्षेत्रको जोखिम कम गर्न प्रयास गर्ने गराउने । खानेपानीका सबै उपभोक्ताहरुले पानी उमालेर मात्र पिउने ।
- खानेपानीलाई यस पालिकामा रहेको खाध्य प्रयोगशालाबाट वा पायक पर्ने स्थानबाट नियमित जाँच गर्ने ब्यबस्था मिलाउने र समस्या भएमा आवश्यक व्यबस्थापन मिलाउने ।
- हात धुने, व्याक्तिगत सरसफाइ, घर वरपरको सरसफाइ तथा खानेपानीको सरसफाइमा विशेष ध्यान पुर्याउने ।
- खानेकुरालाई राम्रोसंग पकाएर मात्र खाने गर्ने ।
- काँचो खाईने खानेकुरा, फलफूललाई शुद्द पानीले सफा गरी प्रयोग गर्ने ।
- पिउने पानी अनिवार्य रुपमा उमालेको वा पूर्ण रुपमा सुरक्षित पानी मात्र प्रयोग गर्ने गराउने ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना